सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४ ♦ २०८२ साल भदौ २७ शुक्रवार ♦ 12 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सुशीला कार्कीलाई सरकार प्रमुख बनाउन सबै तयार



**खबर दर्पण समाचारदाता**

**भदौ २६ गते, बर्दिवास**

जेनजी आन्दोलनको जगमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की शासन सत्ताको बागडोर सम्हाल्न आउने भएकी छन् । योसँगै नेपालले राजनीतिक इतिहासमा पहिलो पटक महिला सरकार प्रमुख पाउने करिब निश्चित भएको छ ।

तर, संसद् विघटन गरेर कार्कीलाई सरकार प्रमुख बनाउने कि नगरी भन्ने विषयमा मत मिल्न नसकेपछि मध्यर ातिसम्म राष्ट्रपति कार्यालय, शितलनिवासमा बसेको वार्ता निष्कर्षविहीन भएको छ । जेनजीतर्फबाट संसद् विघटनविना कुनै प्रक्रिया अघि बढ्न नसक्ने अडान रह्यो भने पुराना दल र राष्ट्रपति पौडेलले संसद्बाटै निकास निकाल्ने कुरामा जोड दिए ।

यस्तोमा शुक्रबार बिहान फेरि छलफलमा बस्ने गरी वार्ता टुंगिएको राष्ट्रपति कार्यालय स्रोतले अनलाइनखबरलाई बतायो । नेपाली सेनाको जंगीअड्डामा बुधबार भएको छलफलपछि जेनजी प्रतिनिधिले अन्तरिम सरकार प्रमुखका रुपमा कार्कीको नाम प्रस्ताव गरेका थिए ।

प्रधानसेनापति अशोकराज सिग्देलले जेनजी प्रतिनिधिको सन्देश राष्ट्रपति पौडेलसम्म पुऱ्याएका थिए । त्यसपछि बिहीबार अबेरबाट राष्ट्रपति पौडेलले नयाँ सरकार गठनका लागि राजनीतिक सहमति जुटाउन दलका नेताहरुसँग परामर्श थालेका थिए ।

त्यसक्रममा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादीका नेताहरुले जेनजी आन्दोलनको म्यान्डेट अनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्की सरकार प्रमुख बनाउन सहमति जनाए । तर, दलका अधिकांश नेताले उनलाई संविधान र संसद्को फ्रेमबाट शासकीय जिम्मेवारी दिनसक्ने प्रबन्ध गर्नुपर्ने मत राखे ।

बिहीबार बेलुकी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड राष्ट्रपति पौडेलको निमन्त्रणामा शीतलनिवास पुगेका थिए । उनीसँगै माओवादी केन्द्रका उपमहासचिव वर्षमान

*बाँकी पृष्ठ २ मा*

## जनकपुरधामको अवस्था क्रमशः सामान्य बन्दै गएपनि सरकारी कार्यालय र यातायात अझै संचालन अनिश्चित



**खबर दर्पण समाचारदाता**

**भदौ २६ गते, बर्दिवास**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा बिहीबार बिहानदेखि स्थिति क्रमशः सामान्य बन्दै गएको छ ।

गत मङ्गलबार जेनजी आन्दोलनका नाममा भएको हिंसात्मक प्रदर्शन, तोडफोड र आगजनीले मधेश प्रदेशको राजधानी जनकपुरधामलाई अस्तव्यस्त बनाएको थियो । आन्दोलनको प्रभावका कारण जनजीवन ठप्प भएको थियो भने बजार पूर्ण रूपमा बन्द थिए । तर, बिहीबार बिहानदेखि जनकपुरधामको अवस्था क्रमशः सामान्य बन्दै गएको हो ।

छिटफुट रुपमा बजार खुलेका छन् भने मुख्य सडकहरूमा मानिसहरूको चहलपहल र सवारीसाधनको आवागमन पनि बढ्न थालेको छ । स्थानीय युवाहरूले नगर क्षेत्रमा तोडफोड र आगजनीबाट उत्पन्न फोहोर सफा गर्ने काम थालेका छन् । नेपाल सेनाको नेतृत्वमा तीन तहकै सुरक्षा गस्ती रातिदेखि सक्रिय भएपछि जनकपुरधामको अवस्था नियन्त्रणमा आएको हो । मङ्गलबार रातिदेखि सुरक्षा गस्ती सक्रिय भए पनि प्रदर्शनकारीले शहरका सरकारी कार्यालय र निजी संस्थामा व्यापक तोडफोड र आगजनी गरेका थिए ।

आन्दोलनकारीहरूले मधेश प्रदेश सभा भवन, मुख्यमन्त्री कार्यालय, भौतिक पूर्वाधार मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधाम उपमहानगर पालिका प्रशासनिक भवन, तिनकौरियास्थित विदेह नगर पालिका, जिरोमाइलस्थित ट्राफिक कार्यालय, जनकपुर धाम-८ का वडा कार्यालयसहितका सरकारी संरचनामा तोडफोड र आगजनी गरेका थिए । प्रारम्भिक आकलनअनुसार यसबाट अर्बौं रुपैयाँको क्षति भएको अनुमान गरिएको छ ।


यस्तै, आन्दोलनकारीहरूले नेपाली कांग्रेस जिल्ला र प्रदेश कार्यालयमा समेत तोडफोड र

*बाँकी पृष्ठ २ मा*

**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

**सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२**

# सुशीला कार्कीलाई सरकार प्रमुख बनाउन ........................

पुन पनि उपस्थित थिए ।

माओवादी नेताहरु शीतलनिवास पुगेपछि राष्ट्रपति कार्यालयबाट कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालाई बोलाइएको थियो । राति ११ बजे उनीहरुलाई कार्यालयबाट बोलाइएपछि फरकफरक ठाउँमा रहेका उनीहरुले टेलिफोनमार्फत नै पार्टीको मत राखेका थिए । ‘शीतलनिवासमा वर्षमान पुनजीको मोबाइलबाट प्रचण्डजीले पनि कांग्रेस नेताहरुलाई फोन गर्नुभएको थियो,’ कार्यालय स्रोतले भन्यो, ‘त्यसक्रममा नेताहरुले नयाँ सर कार गठनबारे कांग्रेसको अडान प्रस्तुत गर्नुभयो ।’

स्रोतका अनुसार, कांग्रेस नेताहरुले अहिले उत्पन्न परिस्थितिमा नयाँ सरकार गठनका लागि सहयोग गर्न पार्टी तयार रहेको सन्देश दिएका छन् । तर , त्यसका लागि संसद् विघटन नगरी कार्कीलाई अघि बढाउने बाटो खोज्नुपर्ने बताएका छन् । ‘अहिले जेनजीले प्रस्ताव गरेका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नै प्रधानमन्त्री बनाएर जाँदा समेत हामीलाई आपत्ति छैन,’ कांग्रेस नेताहरुको भनाइ उदृत गर्दै स्रोतले भन्यो, ‘तर, त्यसलाई अहिलेको संविधानको फ्रेमभित्रै रहने गरी अघि बढाउनुपर्छ भन्ने उहाँहरूको कुरा छ ।’

स्रोतका अनुसार, प्रचण्डले समेत कार्कीलाई अघि बढाउने सन्दर्भमा आफूहरु सकरात्मक रहेको बताएका थिए । ‘तर, कांग्रेसले आफ्नो धारणा स्पष्ट गरे सहज हुने उहाँको कुरा थियो,’ स्रोतले भन्यो, ‘त्यसपछि कांग्रेस नेताहरुले संविधानको फ्रेमभित्र रहने गरी विकल्प समेत प्रस्तुत गरेका थिए ।’

त्यो भनेको संसद्बाट संविधानमा बाधा अड्काउ फुकाउने सम्बन्धी संक्रमणकालीन व्यवस्था गर्ने भन्ने प्रस्ताव भएको स्रोतको भनाइ छ ।

‘संसद्ले नै नयाँ प्रधानमन्त्रीलाई वैधानिकता दिने गरी अघि बढ्नुपर्छ भन्ने बटमलाइन रह्यो, त्यसो हुँदा संसद्लाई विघटन गर्ने भन्ने भएन,’ छलफलमा सहभागी एक नेताले अनलाइनखबरसँग भने, ‘संसद्को सदस्य नरहेको व्यक्तिलाई निश्चित उद्देश्य र निश्चित समयावधि प्रधानमन्त्री बनाउन सकिन्छ भनेर संक्रमणकालीन व्यवस्था गर्ने विषयमा दलहरु सहमत भएका छन् ।’

तर, जेनजी प्रतिनिधिहरुले चाहिँ संसद् विघटन नगरी बाँकी प्रक्रिया अघि बढ्न नसक्ने अडान राखेका छन् । ‘संसद्मा भएका व्यक्ति भनेका २०/२५ वर्षदेखि कुनै न कुनै राजनीतिक पोजिसनमा बसेका व्यक्ति हुन्, उनीहरुले नतिजा नदिएकैले जनेजी आन्दोलन भएको हो,’ जेनजी प्रतिनिधि रक्षा बम भन्छिन्, ‘आन्दोलनको मर्म नै संसद्प्रति हामीलाई विश्वास छैन भन्ने हो, त्यही कारण संसद् विघटन हुनुपर्छ भन्ने हो ।’

जेनजीले रुचाएका बालेन शाहले समेत सामाजिक सञ्जालमार्फत दुईपटक संसद् विघटन विना वार्तामै नबस्न भनेका थिए । उनले सेना प्रमुखसँग वार्तामा बस्न तयार रहन भन्दै त्यसअघि संसद् विघटन भएको हुनुपर्ने उल्लेख गरेका थिए । यद्यपि, शीतलनिवासमा भएको सहमतिपछि बालेनको कुनै प्रतिक्रिया आएको छैन ।

जेनजी आन्दोलनमा देखिएको हामी नेपाली समूहका संयोजक सुदन गुरुङले समेत आफूहरुको बटमलाइन नै संसद् विघटन भएको बताएका छन् । ‘हामीले आफ्ना मागहरु सूचीबद्ध गरेरै पठाएका थियौं, त्यसमा पहिलो नम्बरमै यो विषय उल्लेख छ,’ उनले अनलाइनखबरसँग भने, ‘त्यसबाट दायाँबायाँ नहोस् भनेका छौं ।’

यस्तो परिस्थितिमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभा अध्यक्ष नारायण दाहालसँग समेत परामर्श गरेका छन् ।

जेनजीसँग वार्ताका लागि सहजीकरण गराएको नेपाली सेनाले चाहिँ संसद् रहने या नर हनेबारे बोलेको छैन । सेनाले पटकपटक संवादबाटै सहमति खोजिनुपर्ने बताउँदै आएको छ ।

बिहीबार बिहान सेनाले केही जेनजी प्रतिनिधिसँग संक्षिप्त छलफल गरेको थियो, दिनभर प्रधानसेनापति सिग्देल विभिन्न दलका नेतृत्वसँग संवादमा सक्रिय रहे । स्रोतका अनुसार, जंगीअड्डामा भएको छलफलबाट पूर्वप्रधानन्यायाधीश कार्कीको नाम प्रस्ताव भएपछि परम्परागत राजनीतिक दलका दोस्रो तहका नेताहरुले चासो राखेका थिए । उनीहरुले प्रधानसेनापति सिग्देललाई संगठित शक्तिहरुलाई बाइपास गरेर जाँदा भविष्यमा स्थायित्वका लागि असर पुग्नसक्ने सन्देश दिएका थिए । उनीहरुले नै प्रस्ताव राखेपछि सेनासँग समेत छलफल भयो भने राष्ट्रपति पौडेलले समेत सक्रियता देखाए ।

पहिले सम्पूर्ण छलफल जंगीअड्डामा मात्र केन्द्रीत भए जस्तो देखिएपछि नेपाल सेनामाथि समेत प्रश्न उठेका थिए । तर, विभिन्न अड्कलबाजीका बीच राष्ट्रपति पौडेलले यही संविधानबाटै निकास निकाल्न प्रयासरत् रहेको भन्दै विज्ञप्ति जारी गरे । सैनिक अधिकारीहरुको दाबी अनुसार, नेपाली सेनाले समेत त्यही अनुसार पहलकदमी लिन आग्रह गरेका थिए ।

राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई नेतृत्व दिएर अघि बढ्दा आइपर्ने संवैधानिक र कानूनी चुनौतिहरुबारे संविधानविद हरुसँग अपराह्न छलफल थालेका थिए । त्यसका लागि शीतलनिवासमा संविधानविद् विपिन अधिकारी, पूर्णमान शाक्य र भिमार्जुन आचार्य, ललित बस्नेत, सूर्य ढुंगेल र चन्द्रकान्त ज्ञवाली पनि पुगेका थिए ।

स्रोतका अनुसार, भेटका क्रममा राष्ट्रपति पौडेलले अहिले उत्पन्न परिस्थितिको निकास दिनेबारे कुराकानी गर्न बोलाएको बताएका थिए । ‘यसको संवैधानिक, राजनीतिक पाटो के हुन्छ भन्ने परामर्श गर्न बोलाएको हुँ,’ भन्दै राष्ट्रपतिले कुराकानी सुरु गरेको स्रोतको भनाइ छ । त्यसपछि प्रधानसेनापति अशोक राज सिग्देलले बाहिर विभिन्न अफवाहहरू फैलिने क्रम सुरु भएको भन्दै छिटो सरकार गठन गरिदिए सजिलो हुने बताएको स्रोतको भनाइ छ ।

तीनै जनाले संविधानको पालक र संरक्षक राष्ट्रपति भएकाले चाहे आवश्यकताको सिद्धान्त वा उपलब्ध जुनसुकै बाटोबाट चुनाव गराउने गरी नागरिक सरकार बनाउन राष्ट्रपतिले पहल गर्नुपर्ने सुझाव दिएका थिए । ‘राष्ट्रपतिले सरकार गठनका लागि अग्रसरता लिन सक्ने हक संविधानले दिएको छ, त्यो हक नै प्रयोग गर्नुपर्छ,’ उनीहरुको सुझाव उद्धृत गर्दै स्रोतले भन्यो, ‘नागरिकको शासन, लोकतान्त्रिक मूल्य, मान्यता र संविधानवाद तीन कुरालाई उपेक्षा गुर्न हुँदैन । त्यो नै अबको बाटो हो ।’

दुई घण्टासम्म यो बैठक चलेको स्रोतको भनाइ छ । राति १० बजे सबैजना शीतलनिवासबाट निस्किएका थिए । त्यसपछि राजनीतिक नेतृत्वसँग भेटघाट अघि बढेको थियो । स्रोतका अनुसार, संविधानविद् अधिकारीले २०४७ सालमा जसरी बाधा फुकाइएको थियो, २०६२/६३ मा जसरी गरिएको थियो, अहिलेको शून्यता फर्काउन त्यही बाटो लिनुपर्ने बताएका थिए ।

यो स्थितिमा मुलुकका सबै पक्ष सुशीला कार्कीलाई चुनावी सर कारको सरकारको नेतृत्व सुम्पिन तयार छन् । यद्यपि, संसद् रहने वा नरहने भन्ने विषयमा मात्र निक्र्यौल हुन बाँकी छ ।

अर्थात्, संसद्का राजनीतिक दलहरुको अव्यवस्थाविरुद्ध भएको जेनजी विद्रोहले शासन सत्ता सम्हाल्न पूर्वप्रधानन्यायाधीश खोज्नुपर्ने अवस्था सिर्जना भएको छ । संविधानको संरक्षकको हैसियतामा राष्ट्रपति पौडेलले विद्यमान राजनीतिक संकट समाधानका लागि संविधानले उल्लेख गरेका प्रबन्धहरुभन्दा फरक ढंगले सरकार प्रमुख बनाउने प्रस्ताव अघि बढाएको हुन् । संविधानमा संसद्को सदस्यभन्दा बाहिरको व्यक्तिलाई प्रधानमन्त्री बनाउने कुनै व्यवस्था छैन ।

तर, आन्दोलनको म्यान्डेटलाई संवैधानिक र कानूनी प्रबन्धमार्फत तत्काल प्रवेश गराउने कुनै व्यवस्था नभएपछि संवैधानिक राष्ट्रपति पौडेलले सरकार बनाउने भूमिका निर्वाह गरेका हुन् । यसअघि संविधानसभा विघटन भइसकेपछिको अवस्थामा राजनीतिक संकट चुलिएपछि तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई २०६९ सालमा मन्त्रिपरिषद्को अध्यक्ष बनाइएको थियो ।

अहिले राजनीतिक दलहरु हुँदा हुँदै उनीहरुको असक्षमताले शून्यता सिर्जना भएको अवस्थामा पूर्वप्रधानन्यायाधीश लाई सरकार प्रमुख बनाउने छलफल अघि बढेको हो । यसको वैधानिकतामाथि उठ्नसक्ने सम्पूर्ण प्रश्नहरुलाई कसरी निरुपण गर्ने विषयमा अझै परामर्श जारी छ । शुक्रबार बिहान फेरि राष्ट्रपति कार्यालयमा बैठक बस्दैछ ।

भ्रष्टाचारविरुद्ध जेनजीले सामाजिक सञ्जालमा आक्रोश पोखिरहेका बेला सरकारले फेसबुक, एक्ससहित २५ सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको थियो । त्यसपछि ‘नेपोनेविज’ अभियान चलाइर हेका जेनजीले स्वतः स्फूर्त सडक प्रदर्शन घोषणा गरेका थिए । सोमबार भएको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कम्तिमा १९ जना मारिएका थिए, २०० भन्दा बढी घाइते भए । अहिले मृत्यु हुनेको संख्या ३६ पुगिसकेको छ । मंगलबार प्रशासनको कर्फ्यूका बीच प्रदर्शनकारी सुरक्षा घेरा तोडेर बानेश्वरस्थित संसद् भवन प्रवेश गरेका थिए । संसद् भवनमा आगजनी भएपछि जेनजी युवा नारावाजीसहित अन्यत्र हिंडेका थिए । पछि मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत लगायतका स्थानमा समेत आगजनी भएको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अपरिहार्य थियो ओली-देउवाको पतन, तर अबको निकास के ?

डम्बर खतिवडा

भनिन्छ- इतिहासलाई नयाँ मोड दिने क्रान्ति, विद्रोह र आन्दोलनको सक्रिय सहभागी हुनु सौभाग्यको कुरा हो, कम्तीमा साक्षी बन्न पाउनु ठूलो अवसर हो ।

देशको इतिहासले फेरि एउटा नयाँ कोल्टे फेरेको छ । नयाँ क्रान्ति र मोड आएको छ । र, हामी धेरैले यसको साक्षी बन्ने अवसर पाएका छौं ।

भाद्र २३ र २४ गतेको दुई दिने 'युवा विद्रोह' को सक्रिय सहभागी वा नेतृत्वकर्ता 'जेन जी' हो । म आफू भने 'एक्स' पुस्ताको मान्छे रैछु । सन् १९६०-१९७९ बीच जन्मिएकालाई जनसांख्यिक अध्ययन समूहमा 'जेन एक्स' भनिदो रहेछ ।

२०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रहको बेलादेखिका सबै आन्दोलन, क्रान्ति र जनविद्रोहलाई भोग्न पाइयो । कुनैको साक्षी बनेर , कुनैको सहभागी बनेर । २०३६, २०४६ र २०६२/२०६३ को म आफैं सक्रिय सहभागी थिएँ । लोकतन्त्र र नागरिक अधिकारको सवालमा यी आन्दोलन धेरै महत्वपूर्ण थिए ।

यस पटकको विद्रोहको नेतृत्वकर्ताको श्रेय पाउन हकदार भने पूरापूरा 'जेनजी' नै हो । 'जेन एक्स' ले 'जेन जी विद्रोह' लाई नैतिक समर्थन मात्र गर्‍यो ।

पहिलो दिन २३ गतेको प्रदर्शन र झडपमा अमरत्व प्राप्त गरेका १९ जना शहीदको नामावली हेर्दा यो कुरा प्रमाणित भयो, सूचिका सबै २८ वर्ष मुनिका थिए ।

आन्दोलन, विद्रोह वा क्रान्तिमा आफैं सहभागी हुँदा र साक्षी बन्नु पर्दा के भिन्नता हुने रहेछ- यस पटक अनुभूति भयो । आन्दोलनमा आफैं सहभागी हुँदा भिन्नै आत्मविश्वास हुन्थ्यो । आन्दोलनपछिको स्थिति कसरी जान्छ वा लैजानुपर्छ भन्ने अनुमान र संकल्प हुन्थ्यो ।

साक्षी वा रमिते बन्दा भने त्यो आत्मविश्वास नहुने रहेछ । अनिश्चितताको भय हुने रहेछ । वातावरण अनावश्यक धेरै बिग्रने, मानवीय तथा भौतिक क्षति हुने भय र चिन्ताले सताइरने रहेछ । आन्दोलनपछिको परिणाम कदाचित झन् नराम्रो आउने हो कि भन्ने डरले नैतिक संकटको अनुभूति हुँदोरहेछ ।

जेन जी विद्रोहको पहिलो दिन १० बजे नै नयाँ बानेश्वर स्थिति सिभिल अस्पताल पुगेको थिएँ । अस्पतालमा बिमारीको कुरुवा बस्न । यो विद्रोहको केन्द्रीय 'लोकेसन' थियो । अस्पताल भवनको छत र कम्पाउन्डबाट जेन जी विद्रोहका दृष्यहरू देखिन्थे ।

यो विद्रोहमा ९९ प्रतिशत सहभागी भनिएझैं 'जेन जी' नै थिए । कतिपय त कलेजको युनिर्फममा थिए । ती समूह-समूह बनेर 'एक्सन' मा उत्रिएका थिए । अनौठो के देखिन्थ्यो भने तिनमा प्रहरी, लाठी, टियर ग्यासको कुनै भय थिएन । ती जस्तो सुकै संघर्ष र भिडन्तका लागि मानसिक रूपमा तयार देखिन्थे ।

प्रहरीले तितरबितर गर्न खोज्थ्यो, अलिकति पर पुगेर गल्लीबाट तुरुन्तै संगठित हुन्थे र संसद् भवन कब्जा गर्न अघि बढ्न खोज्थे । स्वःस्फूर्त भनिएको आन्दोलनमा युवकयुवतीको मनोविज्ञान 'मिलिटेन्ट' प्रकृतिको थियो । ती शासक दल र नेताहरूविरुद्ध आक्रोशित थिए ।

प्रहरीले अत्यधिक बल प्रयोग गर्दा, लखेटीलखेटी कुट्दा पनि ती सजिलै पछि हट्दैनथे । अस्पतालको इमर्जेन्सी वार्ड घाइतेले भरिएको थियो । अश्रु ग्यासका सेल अस्पताल कम्पाउन्डभित्र सम्म फालिन्थे ।

कुनै बेला 'आई लभ यू केपी बा' भन्ने युवायुवतीको ठूलै जमात देशमा देखिएकै हो । समय र सवालको कुरा रहेछ । देशको युवापंक्ति निरपेक्ष रूपमा कुनै नालायक वा दुष्ट शासकको समर्थक हुन संभव थिएन ।

आन्दोलनमा कुनै चिनिएको अनुहार, नेता वा 'हिरो' थिएन । आह्वान गर्ने व्यक्तिभन्दा मुद्दाले छोएको थियो । ती सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध लक्षित थिए ।

'सामाजिक सञ्जाल' बन्दले उनीहरूलाई यति धेरै प्रभावित गरेको थियो कि आफ्नो ज्ञान, मनोरञ्जन, करिअर र भविष्य नै राज्यले चौपट पार्दिएको अनुभूतिले पीडित थिए । खासमा उनीहरू यही कुराको बदला लिन चाहन्थे । कुनै अमूक नेता वा पार्टीसँग मात्र होइन, राज्य र राज्यका प्रतिबिम्ब बनेका सबै शक्तिकेन्द्रसँग ।

संसद् भवन, सिंहदरबार र सर्वोच्च अदालतसँगको उनीहरूको रिस राज्यका विधायकी, कार्यकारी र न्यायिक तीनै अंग भ्रष्ट, अपारदर्शी, पक्षपातपूर्ण र असक्षम छ भन्ने बुझाईको अभिव्यक्ति थियो र यो सत्य हो ।

'जेन जी' ले आफ्नो अहिलेसम्मको जीवनमा नेतृत्व, राज्य र सरकार बाट भ्रष्टाचार बाहेक केही सुन्न, कुशासन बाहेक केही भोग्न पाएको थिएन । यी संस्थालाई उनीहरू भ्रष्टाचार र कुशासनको प्रतिक मान्थे ।

विद्रोह कुनै न कुनै दिन उठ्छ, देशमा श्रीलंका र बंगलादेशको अवस्था आउन सक्दछ भन्ने त धेरैलाई लागेकै थियो । तर, के मुद्दामा कहिले र कसरी उठ्छ, त्यसको अनुमान संभव थिएन । भ्रष्ट शासनविरुद्ध निर्णायक विद्रोह भड्किन कुनै 'ट्रिगरिङ पोइन्ट' चाहिने रहेछ ।

श्रीलंकाका जनता राजपाक्षेहरूको दशक लामो कुशासन, भ्रष्टाचार र परिवारवादबाट आक्रान्त थिए । तर, डलर अभाव र बजार कोल्याप्सका कारण त्यहाँ विद्रोह भड्कियो ।

बंगलादेशमा पनि जनता हसिना शेख वाजेदको दुई दशक बढी लामो शासन, परिवारवाद, विपक्षी दलविरुद्धको प्रतिशोध, भ्रष्टाचार र कुशासनबाट आजित थिए । आन्दोलन भड्किने निहुँ भने स्वतन्त्रता सेनानी परिवारका सन्तानलाई सरकारी जागिरमा दिइएको कोटा सुविधा थियो ।

नेपालमा भने निहुँ सामाजिक सञ्जाल प्रतिबन्ध बन्यो । तर, 'जेन जी विद्रोह' यति कारणले मात्र भएको होइन, त्यस्तो बुझियो भने त्यो गलत हुनेछ । यसको पछाडि असन्तुष्टिको लामो सञ्चिति छ । संविधान निर्माण हुँदा मधेश र जनजाति समुदाय केन्द्रित शक्तिलाई किनारीकरण गर्ने प्रक्रियाबाट यो असन्तुष्टिको संचयन सुरु हुन्थ्यो ।

दुईतिहाइ बहुमतको कम्युनिस्ट सरकारको असफलता र दुईपटकको असंवैधानिक संसद् विघटन, कोविड-१९ को गलत र हावादारी व्यवस्थापन, लकडाउन र क्वारेन्टाइनका बतासे मोडेलको कारण मानिसले सीमा इलाकामा र घरगाउँ जाँदा पाएका दुःख, निरन्तरको आर्थिक तथा वित्तीय संकट, कहिले चर्को व्याजदर र तरलता अभाव, कहिले न्यून ब्याजदर र कर्जा प्रवाहको अभाव, नगद संकुचन र बजार -चक्र टुट्ने प्रक्रिया, लघुवित्त, मिटरब्याज, खोला तथा सडक मापदण्ड, सहकारी ठगीपीडित, बारम्बारका अनैतिक सत्ता समीकरण, दलीय किचोलो, नागरिकका समस्या कहिल्यै राजनीतिका मूल मुद्दा नबन्ने, सधैं नेता र दलका विग्रह, विभाजन, मझेला र आरोपप्रत्यारोपको र मिते मात्र बन्नुपर्ने बैरागलाग्दो अवस्था आदि असन्तुष्टि संचयनका मुख्य कारण थिए ।

यहाँसम्मकि राज्यकै अगंजस्तो बनेर रहेका शिक्षक, प्राध्यापक, कर्मचारी, प्रहरी र सेना समेत ओली-देउवा शाासन शैलीसँग सन्तुष्ट थिएन । केपी शर्मा ओलीको अपेक्षाविपरीत सेनाले परिचालित हुन अस्वीकार गर्‍यो । सेनाले उल्टै प्रधानमन्त्री ओलीलाई राजीनामा दिन सुझाव दियो ।

ओलीले राजीनामा दिन ढिलो नगरेको भए यति धेरै क्षति नहुन सक्थ्यो । पहिलो दिनको अस्वाभाविक मानवीय क्षतिप्रति क्षमायाचना गर्दै त्यही दिन साँझ प्रधानमन्त्री पदबाट ओलीले राजीनामा गरेको भए दोस्रो दिनको भौतिक, आर्थिक र मानवीय क्षति नहुन सक्थ्यो । ओली आफ्नै स्थिति र हैसियत नबुझेर कथित 'सर्वदलीय बैठक' बोलाउनतिर लागे, जसको कुनै उपदेयता बाँकी थिएन ।

ओली-देउवाप्रतिको चरम जनघृणा भने भ्रष्टाचार, कुशासन, नेतृत्व हस्तान्तरण, पुस्तान्तरण गर्न कहिल्यै नचाहने, समस्या समाधान गर्ने कुनै भिजन, क्षमता नहुने तर जसरी हुन्छ शक्ति र पदको प्राविधिक 'होल्ड' गर्ने प्रवृत्तिसँग जोडिएको छ।

ओलीमा स्टालिन, चाउचेस्कु र गोर्बाचेव प्रवृत्तिको समिश्रण थियो । उनले सबैलाई चिढ्याउँदै लगेर बिल्कुलै एक्लिएका थिए । स्वयं कम्युनिस्ट समर्थक नै ओलीलाई घृणा गर्थे । पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता प्रकरणपछि त उनी आफ्नै गुटभित्र चरम अलोकप्रिय भएका थिए । तर, उनलाई लोकप्रियताको भ्रम र आत्ममुग्धता थियो ।

कांग्रेस सभापति शेरबहादुर देउवा छैटौंपटक प्रधानमन्त्री पर्खिंदै थिए, उनलाई सातौंपटक पुर्‍याउनु थियो । ओली चारपटक प्रधानमन्त्री भइसकेर पनि पार्टी नेतृत्व फेरि कब्जा गर्ने उद्देश्यले 'अर्ली महाधिवेशन' गर्दै थिए- दुई कार्यकालको प्रावधान हटाएर । यता आम नागरिकलाई यिनको अनुहार र बोलीसँगै 'इरिटेसन' भइसकेको थियो । उता उनीहरू अझै एक दशक दल र राज्यको नेतृत्व नछोड्ने तारतम्य मिलाउँदै थिए ।

दुनियाँलाई थाहा भइसक्यो कि ओली-देउवाबाट देशका समस्याको समाधान, जनआकांक्षाको सम्बोधन संभव छैन, तर, यिनै अझै एक दशक निजी शासनसौकात र राज्यदोहनकै लागि सत्तामा बस्न चाहन्थे । यो प्रवृत्ति आम मानिसका लागि अन्त्यहीन निराशा र घाँडो सावित भइरहेको थियो ।

यस्तै जनविद्रोह बाहेक यो प्रवृत्तिलाई पराजित गर्ने अरु उपाय कुनै पनि बाँकी थिएन । तसर्थ, 'जेन जी विद्रोह' एक प्रकारको क्रान्ति नै हो । यसलाई एक सकारात्मक परिवर्तनका रूपमा सम्मान र संस्थागत गर्न आवश्यक छ ।

तर, चिन्ता लाग्छ- के त्यसो हुन संभव होला ? कतै त्यसो हुन सकेन भने प्रतिक्रान्ति त हुने होइन ? अझ नराम्रो अवस्था आएर पछुताउनुपर्ने त हुने होइन ? कदाचित त्यस्तो भयो भने राजनीतिक परिदृष्य र शक्ति सन्तुलन फेरि उल्टिन सक्दछ । फेरि तिनै भ्रष्ट र दुष्ट हावी हुन सक्नेछन् । कामना गरौं-त्यसो नहोस् । सबैले आआफ्नो ठाउँबाट सकेको प्रयास गरौं-त्यसो नहोस् ।

यो आन्दोलनको फाइदा लोकतन्त्र विरोधी प्रतिक्रियावादी अधिनायकवादी वा नवफासीवादी शक्तिलाई हुनु हुँदैन । यो आन्दोलनको परिणाम भ्रष्टाचार को समूल अन्त्य, सुशासन, गणतन्त्रको रक्षा, उन्नत लोकतन्त्र, गुणस्तरीय सेवा प्रदायन, समावेशिता, सामाजिक न्याय, आर्थिक विकास र संमृद्धिको पक्षमा हुनुपर्दछ । कम्तीमा सबैलाई, सधैंलाई यो सन्देश र स्मरण होस् कि 'जेनजी विद्रोह' पश्चात् कसैले भ्रष्टाचार गर्ने आँट कहिल्यै गर्ने छैन, नगरोस् ।

आन्दोलनको क्रममा धेरै ठूलो मानवीय, आर्थिक र भौतिक क्षति भएको छ । कुनै न कुनै प्रक्रियाबाट त्यसको क्षतिपूरण हुनुपर्दछ । शहिद परि वारलाई यथोचित सहयोग गरिनु पर्दछ । घाइते, अपाङ्गको उपचार र सहयोगको व्यवस्था गर्न नयाँ शासनले कुनै कसर र पूर्वाग्रह राख्न हुँदैन ।

बदलिएको सन्दर्भमा २०७९ को निर्वाचन र जनादेशको कुनै अर्थ र सान्दर्भिकता बाँकी रहेन । तसर्थ, प्रतिनिधिसभा र प्रदेशसभाहरूको विघटन जरुरी पर्छ । तर, स्थानीय निकायलाई नचलाउनु, काम गर्न दिनु उचित हुन्छ, किनकि स्थानीय सरकारका लागि बैकल्पिक उपाय छैनन् । यो विद्रोह स्थानीय सरकारविरुद्ध होइन । सामाजिक सञ्जालमाथि प्रतिबन्ध संघीय सरकारले लगाएको, स्थानीय सरकारले होइन ।

वैधानिक प्रक्रियाका लागि राष्ट्रपति संस्था जीवितै छ । राष्ट्रपति र सुर क्षा निकायले आन्दोलनकारीसँग संवाद गरी संक्रमणकालीन जटिलता हल गर्न सक्दछन् । वैधानिक प्रक्रिया पूरा गर्न राष्ट्रपति छँदैछन् ।

कुनै दल, नेता वा राजनीतिक व्यक्तित्वभन्दा गैरराजनीतिक अन्तरिम नागरिक सरकार उचित हुनेछ । डा. सन्दुक रुइत, केदारशभक्त माथेमा, सुशिला कार्की, भोजराज पोखेलजस्ता व्यक्तित्वहरू त्यस्तो नागरिक सर कारको नेतृत्वका लागि उपयुक्त हुन सक्दछन् ।

नयाँ शासनले संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानलाई कुनै हानी पुर्‍याउनु हुँदैन । तर, संवैधानिक सुधारका विषय ठहर गर्न संविधान सुझाव सुधार आयोग बनाएर जनस्तरमा सवाल प्रवाहित गर्न सकिन्छ । आम राजनीतिक सहमति बन्न पुग्यो भने संवैधानिक सुधारका सवाल नयाँ निर्वाचनपछि कार्यान्वयन हुन सक्नेछन् ।

सबै राजनीतिक दलमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरण हुन जरुरी छ । सबै दलले आजसम्मका गल्तीका लागि गम्भीर आत्मसमीक्षा र श्वेतपत्र जारी गरी नागरिकसँग माफी माग्न र राजनीतिक परिदृष्यमा फर्किनुपर्दछ । एमाले-कांग्रेसकै लागि पनि यो ओली-देउवा प्रवृतिबाट मुक्ति पाउने ठूलो अवसर हुनेछ ।

ओली- देउवा र अन्य यही पुस्ता, चरित्र, प्रवृत्ति र समूहका नेता भने सधैंका लागि बिदा हुनुपर्दछ । दशक बढी समयदेखि मूल नेतृत्वमा रहेका र ७० उमेर कटेका सबै दलका नेताले सामुहिक राजनीतिक सन्यासको घोषणा गरे राम्रो हुन्छ । स्वयं तिनको पनि कल्याण हुन्छ ।

विगत दुई दशक यताका भ्रष्टाचार काण्ड र अवैध सम्पत्तिको छानबिन गर्न एक उच्चस्तरीय नागरिक आयोग बनाइनुपर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग विघटन गरी जनलोकपालमा परिणत गर्नुपर्छ । त्यसको प्रतिवेदनका आधारमा सबै ठग, भ्रष्टाचारी र अवैध सम्पत्तिवालालाई अभियोजन गरी न्यायको कठघरामा उभ्याइनुपर्दछ ।

यति मात्र गर्न सके यो जेनजी विद्रोह, आन्दोलन र क्रान्ति सफल भएको मान्नुपर्ने हुन्छ ।

नयाँ चुनाव गराएर निर्वाचित सरकारलाई शान्तिपूर्ण सत्ता हस्तान्तरण गर्ने काम नागरिक सरकारको मूल कर्तव्य हुनुपर्दछ ।

के यसो हुन सक्ला ? आशा गरौं, होला, हुनुपर्दछ, सबैले आआफ्नो ठाउँबाट खबरदारी गरौं ।

प्रत्येक १०-१२ वर्षमा देशले नयाँ मोड लिंदै आएको ऐतिहासिक तथ्य फेरि एकपटक आश्चर्यजनक ढंगले पुष्टि भएको छ । यो तथ्यबाट सबैभन्दा ठूलो शिक्षा लिन सकिन्छ- प्रत्येक दशकमा आवश्यक संवैधानिक, कानुनी, प्रशासनिक तथा आर्थिक सुधार नहुने हो भने विद्रोह, आन्दोलन र क्रान्ति अपरिहार्य बन्दो रहेछ ।-नेपाल भ्युज

# जनकपुरधामको अवस्था....

आगजनी गरेका छन् । यसक्रममा कांग्रेस नेता तथा प्रतिनिधि सभा सदस्य विमलेन्द्र निधि, कृष्ण यादव, एमाले नेता र प्रतिनिधि सभा सदस्य रघुवीर महासेठ, प्रदेश सभा सदस्य रामअशिष यादव, प्रदेशका उर्जा, सिंचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव, एमालेका निलम्बित प्रदेश सांसद दीपेन्द्र ठाकुरको घरमा पनि आगजनी भएको छ ।

दैनिक सेवामा संलग्न संघीय, प्रदेश तथा स्थानीय निकायका कार्यालयहरूमा कम्प्युटर, इन्टरनेट सेवा, फाइल र आधिकारिक कागजातहरूमा आगलागी तथा तोडफोड भएको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी शङ्कर हरि आचार्यले भने, 'कर्मचारीहरू कार्यालय पुग्दा पनि काम गर्न असक्षम छन् । अधिकांश कार्यालयहरू जलेर कालो भएका, फर्निचर क्षतिग्रस्त भएका, कार्यकक्षका कम्प्युटर र दर जसहित कार्यालयका सवारीसाधन पनि आगोले नष्ट भएका छन् ।'

प्रमुख जिल्ला अधिकारी आचार्यका अनुसार प्रदर्शनका क्रममा जनकपुरधाममा एक दर्जनभन्दा बढी कार्यालय प्रभावित भएका छन् । कार्यालयहरूमा आधिकारिक डकुमेन्ट उपलब्ध नभएकाले सेवा पुन: सञ्चालन कहिलेबाट सुरु गर्न सकिन्छ भन्ने स्पष्ट छैन । यसका कारण सेवाग्राहीहरू थप असुविधामा परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाले क्षतिको विवरण सङ्कलन गरिरहेको भए पनि सार्वजनिक गर्न अझै समय लाग्ने जनाएको छ । स्थानीय प्रशासनले अहिले स्थिति नियन्त्रणमा रहेको बताउँदै आवश्यक सुधार र सुरक्षा उपायहरू लागू भइरहेको जानकारी दिएको छ ।

स्थानीय नागरिक र व्यापार व्यवसायीले भने, 'आन्दोलनका कारण हाम्रो दैनिकी ठप्प भएको छ । बजार बन्द र सरकारी सेवा नचल्दा जनजीवन गम्भीर रूपमा प्रभावित भएको छ ।' उनीहरूले प्रशासनलाई शीघ्र प्रभावित क्षेत्रको पुनःनिर्माण र सेवा सुचारु गर्न आग्रह गरेका छन् ।

# जलेश्वरस्थित ट्राफिक प्रहरी चौकीमा अज्ञात समूहद्वारा आगजनी



**खबर दर्पण समाचारदाता**
**भदौ २६ गते, बर्दिवास**

महोत्तरीको जलेश्वरस्थित ट्राफिक प्रहरी चौकीमा अज्ञात समूहद्वारा आगजनी गरिएको छ।

जलेश्वर बसपार्क नजिकै रहेको ट्राफिक प्रहरी कार्यालयमा बिहीबार दिउँसो करिब १:३० बजे पेट्रोल छर्की आगजनी गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक ( एसपी) हेरम्ब शर्माले जानकारी दिनुभयो।

आगजनीबाट कार्यालयमा रहेको एक थान कम्प्युटर, कुर्सी र टेबल जलेर नष्ट भएको उहाँले बताउनुभयो। घटनाको जानकारी पाएलगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोली घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिन सफल भएको र थप क्षति हुनबाट जोगाइएको एसपी शर्माले बताउनुभयो।

उक्त घटनामा संलग्न समूहको खोजी तीव्र पारिएको र सिसिटिभी फुटेजलगायत विभिन्न कोणबाट अनुसन्धान भइरहेको समेत उहाँले जानकारी दिनुभयो।

# नख्खु कारागारबाट फरार सञ्जय टक्ला काभ्रेबाट पक्राउ

**खबर दर्पण समाचारदाता**
**भदौ २६ गते, बर्दिवास**

ललितपुरको नख्खु कारागारबाट फरार भएका सञ्जय साह उर्फ टक्ला काभ्रे जिल्लाबाट पक्राउ परेका छन्। प्रहरी स्रोतका अनुसार इलाका प्रहरी कार्यालय मंगलटारको टोलीले उनलाई नियन्त्रणमा लिएको हो। अहिले उनलाई पुनः कारागार पठाउने तयारी भइरहेको छ।

टक्ला "जेनजी" प्रदर्शनका क्रममा नख्खु कारागारबाट भागेका थिए। उक्त प्रदर्शनका बेला सहकारी ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका रवि लामिछानेलाई पहिले कारागारबाट निकालिएको थियो। त्यसपछि केही समयमै टक्लासहित अन्य कैदीहरू भागेका थिए। फरार हुनु अघि उनीहरूले कारागारमा आगजनीसमेत गरेका थिए।



टक्ला विगत १२ वर्षदेखि जेल जीवन बिताइरहेका थिए। उनी पूर्वराज्यमन्त्री समेत हुन् र जन्मकैदको सजाय काटिरहेका थिए।

वि.सं. २०६९ सालको १८ वैशाखमा जनकपुरस्थित रामानन्द चोकमा भएको बम विस्फोटमा पाँच जनाको मृत्यु भएको थियो। उक्त घटनाका मुख्य योजनाकारको आरोपमा उनलाई अदालतले दोषी ठहर गरेको थियो। साथै, जनकपुरका सञ्चार उद्यमी तथा रेडियो टुडेका सञ्चालक अरुण सिंहानियाको हत्या योजनामा पनि उनको संलग्नता रहेको ठहर गरिएको छ।

# भारतबाट पक्राउ परेका १२ जना कैदी महोत्तरी प्रहरीको जिम्मामा

**खबर दर्पण समाचारदाता**
**भदौ २६ गते, बर्दिवास**

भारतीय प्रहरीले पक्राउ गरेको १२ जना कैदीबन्दीहरुलाई नेपाल प्रहरीको जिम्मा लगाइएको छ। यहि भदौ २४ गते जलेश्वर कारागारबाट भागेका ५७५ कैदीमध्ये भारततर्फ भागेका १२ जना कैदीबन्दीलाई भारतीय प्रहरीले भारतको विभिन्न ठाउँबाट पक्राउ गरेको थियो ।

पक्राउ परेका कैदीहरुमध्ये ९ जना कैदीलाई भारतीय प्रहरीले बिहिबार दिउँसो भिटामोड नाकामा ल्याई नेपाल प्रहरीको जिम्मा लगाएको छ भने ३ जना कैदिलाई बथनाहा चौकीको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहनु भएको प्रहरी नायव उपरिक्षक शैलेन्द्र भट्टले बताउनुभयो ।

भारतीय प्रहरीले पक्राउ गरेका धनुषा मुसहरिनिया गाउँपालिका -५ मुखियापटिका रामगुलाम महतो, धनुषा हसपुर नगर पालिका-३ सुनगामा टोलका बिनोद राय, महोत्तरी मटिहानी नगरपालिका-१ धिरापुरका मुजाहिद अंसारी, धनुषा जनकपुर -२१ मण्डलटोलका इन्द्रेस मण्डल, महोत्तरी गौशाला नगर पालिका-४ रजखोरका सुरेन्द्र साह सोनार, भारत वैशालीका आनन्द मोहन कुमार, धनुषा सहिद नगरनगरपालिका-३ का कृष्णकुमार महतो, भारत सितामढीका बलबिन कुमार महतो, भारत सितामढी रतनपुर का जियाउल रहमान, चकिया थाना, पूर्वी चम्पारण, भारत घर भएका गुड्डु कुमार यादव, जलेश्वर नगरपालिका-१ का र याज दफाली, मकवानपुर जिल्ला हेटौंडा, वडा नं. ३ का राजेश तामाङलाई भारतीय प्रहरीले पक्राउ गरि नेपाल प्रहरीको जिम्मा लगाएको प्रहरी नायव उपरिक्षक भट्टले बताउनुभएको छ ।



मंगलबार साझ ७ बजेको समयमा जलेश्वर कारागारमा रहेका ५७६ कैदि मध्ये ५७५ कैदि फरार भएका थिए। भागेका कैदीबन्दीहरु मध्ये हाल सम्म ३७ जना कारागार फर्कि सकेको जलेश्वर कारागारका निमित्त प्रमुख रविनचन्द्र ठाकुरले बताउनुभएको छ। अहिलेसम्म आफू खुशी २५ जना फर्किसकेको छ भने भारतीय प्रहरीले १२ जनालाई बुझाएको गरी ३७ जना कारागारमा फर्कि सकेको जलेश्वर कारागार प्रसासनले जनाएको छ।

जलेश्वर कारागारबाट भागेका कैदीबन्दीहरुलाई स्वेच्छाले २४ घण्टाभित्र फर्किन आग्रह गरेपछि बुधाबार रातिदेखि नै कैदीबन्दी सम्पर्कमा आउन थालेको कारागारका निमित्त कार्यालय प्रमुख ठाकुरले बताउनुभएको छ।

महोत्तरी र धनुषा जिल्लाका लागि रहेको एकमात्र कारागार जलेश्वरका निमित्त प्रमुख ठाकुर ले बुधबार साँझ एक अपिल जारी गर्नुहुँदै २४ घण्टा भित्र स्वेच्छाले कारागार फर्किन अपिल जारि गर्नुभएको थियो । सो अपिलमा २४ घण्टा भित्र नफर्किने कैदिहरुलाई कानून अनुसार कारवाही हुने भनिएपछि धमाधम भागेका कैदिहरुको अभिभावक तथा कैदीबन्दिहरु अस्पताल प्रशासनको सम्पर्कमा आउन थालेको कारागार प्रमुख ठाकुरले बताउनुभयो ।

यही भदौ २४ गते साँझ आन्दोलनलनकारीहरुले जलेश्वर कारागार कब्जामा लिएपपछि ५७६ कैदीबन्दीमध्ये ५७५ कैदीबन्दी भागेका थिए ।

मङ्गलबार साँझ ७ बजे लाठी र बाँसको भाँटा सहित आएका आन्दोलनकारीहरुले शुरुमा कारागारको बाहिरी मुल गेटमा आएर कैदिहरु मध्ये मधेस आन्दोलनको क्रममा मारिएका सशस्त्र प्रहरी धमन विक हत्यामा संलग्न रहेका आरोपी पुर्व प्रदेश सांसद कौशल कुमार यादव, सजाय तोकिएका प्रदिप माझी, संजय साह र देवेन्द्र चौधरीलाई रिहाईको माग गरेका थिए। तर पछि भिड अन्त्रित हुन पुगेको कारागार निमित्त प्रमुख ठाकुरले बताउनु भयो। अनियन्त्रित भिडले कारागारको मुल गेट भत्काएर भित्री सुरक्षा गेट सम्म पुगेका थिए।

आन्दोलनकारी फलामे गेट सम्म पुगेको देखेर भित्र कैदिहरु पनि उग्र भएर होहल्ला गर्न थालेपछि एकापटिको फलामे गेट आन्दोलकारीले र अर्को फलामे गेट कैदिबन्दिहरुले तोडेपछि कैदिहरु पोकापन्तारा सहित भागभाग भएको थियो ।

४० जना नेपाल प्रहरी र ३५ जना सशस्त्र प्रहरीले सुरक्षा दिइ रहेको कारागारमा बल प्रयोग गर्दा ठुलो दुर्घटना निम्तिन सकेने अवस्थाको आंकलन गरि सुरक्षा निकाय पछि हटेपछि कैदिहरु फरारा भएका थिए।

मंगलबार साझ ७ वजे भएको उक्त घटनामा दिपक कुमार यादव कर्तव्य ज्यान मुद्दामा पुर्पक्षमा रहेका सुस्त मनस्थिती रहेका कारण नभागेकोले सोहि दिनदेखि कारागारमै रहेको जनाइएको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,